


ISSN: 3021-9337 (Print), 3021-9345 (Online)

# *सहिद* कथामा क्षण, जाति र पर्यावरण

**विष्णु शर्मा**
नेपाली विभाग
सरस्वती बहुमुखी क्याम्पस
bdsharma052@gmail.com

**Article History:** *Received*: 29 May 2025, *Accepted*: 2 December 2025, *Published*: 14 December 2025
**DOI:** https://doi.org/10.3126/srj.v3i1.93334

## लेखसार

*प्रस्तुत लेख हिपोलाइट टेनको समाजशास्त्रीय साहित्यिक विश्लेषणका आधारमा स्थापित सिद्धान्तसँग सम्बन्धित छ । साहित्यको समाजशास्त्रीय चिन्तनका महत्त्वपूर्ण व्यक्तिका रूपमा रहेका टेनको समाजशास्त्रीय आधारभूत मान्यताका रूपमा क्षण, जाति र पर्यावरणसम्बन्धी मार्गबाट गुरुप्रसाद मैनालीको सहिद कथाको विश्लेषण गरिएको छ । पाठविश्लेषण विधिको प्रयोग गरी सोही सिद्धान्तका आधारमा राष्ट्र, स्वतन्त्रता र जनहितका लागि प्राण आहुति दिने व्यक्तिको त्याग, साहस र निष्ठाले व्यक्तिगत पीडा र परिवारको वियोगभन्दा ठुलो मूल्य राष्ट्रको मुक्ति र सामाजिक परिवर्तनलाई मानिएको छ । प्रस्तुत कथामा क्षण (समय/घटना), जाति (सामाजिक संरचना) र पर्यावरण (भौतिक तथा सामाजिक परिवेश) एकअर्कासँग गाँसिएर सहिदको जीवन, सङ्घर्ष र बलिदानलाई अर्थपूर्ण बनाएका छन् । कथाको पर्यावरण डर, त्रास, अन्याय र दमनले भरिएको राजनीतिक-सामाजिक परिवेश हो । वातावरण निराशाजनक भए पनि प्रतिरोधको चेतना बलियो भएको देखाइएको छ । कथामा क्षणले भावनात्मक उत्कर्ष दिन्छ, जातिले सामाजिक अन्याय र वर्गसङ्घर्ष उजागर गर्छ र पर्यावरणले संघर्षको आधारभूमि तयार गर्छ । यी तत्त्वहरूको सशक्त संयोजनले सहिद कथालाई भावुक आख्यान नभई राजनीतिक चेतना र सामाजिक परिवर्तनको परिवेशलाई प्रस्तुत गरेको छ । यस अध्ययनमा पुस्तकालयीय कार्यबाट सामग्रीको सङ्कलन गरी पाठविश्लेषण क्रममा निगमनात्मक विधिको प्रयोग गरीएको छ । कथामा प्रस्तुत जातीय संरचना र सामाजिक पदक्रमले पात्रहरूको पहिचान, सम्मान र जीवनदिशामा पारेको प्रभावसँगै समय परिस्थितिले पात्रहरूको सोच, निर्णय र व्यवहारलाई कसरी घेर्छ भन्ने शोधसमस्यालाई स्पष्ट पारेको छ । टेनका अनुसार साहित्य कुनै एक्लो कल्पनाको उपज नभई समय, समाज र परिवेशको परिणाम हो भन्ने मान्यता सहिद कथामा स्पष्ट देखिन्छ । यस लेखले कथामा क्षणले ऐतिहासिक चेतना, जातिले सामाजिक प्रतिनिधित्व र पर्यावरणले विद्रोहको आधार निर्माण गरेको निष्कर्ष प्रस्तुत गर्दछ ।*

**शब्दकुञ्जी :** प्रजाति, युग, वर्गसङ्घर्ष, सामन्ती, सामाजिक संरचना ।

## विषयपरिचय

गुरूप्रसाद मैनाली (१९५७ - २०२८) आधुनिक नेपाली कथा परम्पराका प्रमुख हुन् । उनको *सहिद* कथा *नासो* कथासङ्ग्रह (१९९२) मा सङ्ग्रहित रहेको छ । आधुनिक यथार्थवादी प्रवृत्ति अङ्गीकार गर्ने मैनालीको यस कथामा एउटा सामान्य गरिब व्यक्तिले पनि देशका लागि आफ्नो ज्यान दिएको कुरालाई देखाइएको छ । यस कथामा उनी बाँचेको युग, परिवेश र प्रजातिय पक्षको अङ्कन भएको पाइन्छ ।

प्रस्तुत कथामा उनको क्षण, जाति र पर्यावरण केकसरी प्रस्तुत भएको छ भनी अध्ययन गरिएको छ । हुन त यस कथालाई समाजशास्त्रीय विभिन्न दृष्टिकोणबाट पनि व्याख्या विवेचना गर्न सकिन्छ तर यस अध्ययनमा हिपोलाइट टेनको समाजशास्त्रीय साहित्यिक विश्लेषणका आधारमा स्थापित सिद्धान्तबमोजिम कथा विश्लेषण गरिएको छ । फ्रान्सेली समालोचक हिपोलाइट टेनले प्रतिपादन गरेको समाजशास्त्रीय सिद्धान्तअनुसार कुनै पनि साहित्यिक कृतिको निर्माणमा क्षण, जाति र पर्यावरण निर्णायक तत्वका रूपमा कार्य गर्छन् (टेन, सन् १८६४, पृ. १५) । क्षणले तत्कालीन समय परिस्थिति र ऐतिहासिक सन्दर्भलाई जनाउँछ, जातिले समाजमा विकसित संस्कार, मानसिकता र सामाजिक संरचनालाई सङ्केत गर्छ र पर्यावरणले भौतिक तथा सामाजिक परिवेशको समग्र प्रभावलाई प्रतिनिधित्व गर्छ (बराल, २०६०, पृ. ४४) । टेनको यस त्रिसूत्रीय अवधारणाले साहित्यलाई समाजसँग गाँसिएर अध्ययन गर्ने वैज्ञानिक दृष्टिकोण प्रदान गर्छ (उपाध्याय, २०५५, पृ. ६२) । यस अनुसन्धानात्मक लेखमा *सहिद* कथालाई टेनको समाजशास्त्रीय सिद्धान्तका आधारमा विश्लेषण गर्दै कथामा प्रस्तुत क्षण, जाति र पर्यावरणका तत्वहरू कसरी अन्तरसम्बन्धित रूपमा विकसित भएका छन् भन्ने विषयलाई स्पष्ट पार्ने प्रयास गरिएको छ । राणाकालीन नेपाली समाजमा शोषणको रूप, गरिबहरू घरखेत बन्दक राखी विदेसिनु पर्ने बाध्यता, प्रवासी नेपालीहरूको प्रवासको कष्टपूर्ण जिन्दगी, राणाशासनका विरूद्ध देशमा चलेको सङ्घर्ष र वीरतापूर्ण साहसले वीरगति प्राप्त गरेको अवस्थालाई देखाइएको छ । *सहिद* कथा पनि साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा क्षण, जाति र पर्यावरणको सम्बन्धमा नै आधारित छ ।

## अध्ययनको उद्धेश्य

साहित्यको समाजशास्त्रीय सिद्धान्तका आधारमा *सहिद* कथाको क्षण, जाति र पर्यावरणको पहिचान गर्नु नै प्रस्तुत अध्ययनको प्रमुख उद्देश्य हो । यहाँ क) *सहिद* कथामा चित्रित प्रजातिगत स्थितिको खोजी गर्नु, ख) *सहिद* कथामा निहित परिवेशको पहिचान गर्नु, ग) *सहिद* कथामा रहेको युगीन चेतनाका बारेमा विश्लेषण गर्नुजस्ता उद्देश्यहरूमा नै आधारित भएर अध्ययन गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत अध्ययन साहित्यिक अध्ययन भएकोले यसका निमित्त आवश्यक सामग्रीको सङ्कलन मूलत : पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यसमा कथाकार गुरूप्रसाद मैनालीको *नासो* कथासङ्ग्रहमा रहेको *सहिद* कथालाई प्रमुख आधार सामग्रीका रूपमा लिइएको छ भने यससँग सम्बन्धित समालोचना तथा विश्लेषणलाई सहायक सामग्रीको रूपमा लिइएको छ । अध्ययनको विषय *सहिद* कथाको क्षण, प्रजाति, र पर्यावरण भएकोले त्यससम्बन्धी सामग्रीको अध्ययन गर्दा मुख्यतः क्षण, प्रजाति र पर्यावरण सम्बन्धी आधारभूत मान्यतालाई प्रमुख रूपमा लिइएको छ ।

## सैद्धान्तिक पर्याधार

समाजशास्त्रका मुख्य प्रर्वतक कोम्ते हुन् । साहित्यिको समाजशास्त्रलाई सैद्धान्तिक आधार दिने काम हिपोलाइट एडल्फ टेनबाट भएको हो । हिपोलाइट टेनको समाजशास्त्रीय अवधारणाअनुसार कृतिको विश्लेषण गर्ने एक प्रमुख सैद्धान्तिक आधार हो । टेनले साहित्यलाई समाजका बारेमा थाहा पाउने मूल स्रोत मानेका छन् । साहित्यकारले रचनाको वा लेखनको विषय समाजबाट प्राप्त गर्दछ । टेनले साहित्य कुनै भावावेगको क्षणको एक्लो अनुभूतिमय तरङ्ग होइन । यो त समय र समाजको अनुभवको प्रस्तुति हो भनेर व्याख्या गरेका छन् (टेन, सन् १९०६, पृ. ३७) । उनले कृति कुनै एक व्यक्तिको कल्पना किडा मात्र नभएर समकालिन रीतिरिवाजको पुर्नलेखन र एक विशेष प्रकारको मानस अभिव्यक्ति मानेका छन् । टेनका अनुसार क्षण, जाति र पर्यावरणको अध्ययनबाट साहित्यको समाजशास्त्रीय अध्ययन सम्भव हुने देखिन्छ । टेनको क्षण, जाति र पर्यावरणसम्बन्धी मान्यताअनुसार पाठविश्लेषण गर्ने सिद्धान्तलाई तल स्पष्ट पारिएको छ ।

### क्षण

टेनका अनुसार क्षण भन्नाले काल, युग, चेतना र युग विषयका सन्दर्भ मानेका छन् । कुनै युगमा कुनै विचार प्रधान हुन्छ जसले समाजको चिन्तनलाई प्रभावित पार्दछ भनेका छन् । क्षण भनेको कुनै पनि साहित्यकारको आफू बाँचेको युग हो । त्यसैको अङ्कन साहित्यकारले आफ्ना रचनामा गरेको हुन्छ । मैनजर पाण्डेयका अनुसार साहित्यको अध्ययनबाट साहित्यकारले अभिव्यक्ति गरेको युग तथा समयका मानिसको साहित्यिक अङ्कन हुने गर्दछ (पाण्डेय, २००६, पृ. १२४) । क्षण एउटा समयको बिन्दु नै हो । युगीन चेतनाको केन्द्र पनि हो (चौहान, २०७४, पृ. ८५) । कुनै पनि युग अगाडि बढ्नका लागि विचारको आवश्यकता हुन्छ । हरेक युगका केही आफ्ना विचार हुन्छन् । त्यसमा रहेको बौद्धिक स्वरूपका कारण त्यो सदियौंसम्म जीवित हुन्छ । लेखकको आफू बाँचेको युग र परिवेशको प्रभाव कृतिमा परेको हुन्छ ।

## प्रजाति

टेनका अनुसार साहित्य प्रजातिको पदचिह्नको आधार हो । साहित्य समाजबाट पृथक रहन सक्दैन । यो लेखकको समकालिन समाजका प्रजाति र उनीहरूको व्यवहार तथा स्वभावको प्रभावबाट सिर्जना हुन्छ । यसर्थ साहित्यको समाजशास्त्रीय चिन्तनमा टेनले सबैभन्दा बढी महत्त्व दिएको पक्ष प्रजाति हो । प्रजातिअन्तर्गत व्यक्तिको सहज वंशानुगत विशेषता र शारीरिक संरचना रंग तथा मानसिक पक्षलाई राखेका छन् । एक प्रजाति देश कालको दृष्टिबाट कसरी टाढाटाढा फैलन्छ तर पनि उसमा समान विशेषता हुन्छ भन्ने सन्दर्भमा उनले आर्यको उदाहरण दिएका छन् । टेनका अनुसार वास्तवमा मान्छे विभिन्न जातजाति बनेर विश्वभरि नै फिजिएर रहे पनि प्रत्येक मान्छेहरूमा उसको मुख्य जातिगत विशेषता रहेको हुन्छ । ऊ जहाँ पुगेपनि उसले प्रारम्भमा सिकेका आफ्ना जातिगत विशेषताहरू जस्तो खानपान, बोलाइ, हिडाइ, रीतिरिवाज, संस्कार, आदि उसको आर्दशका रूपमा रहिरहन्छन् (जैन, सन् १९९२, पृ. २२) । टेनका अनुसार सम्पूर्ण साहित्य चिन्तनको लक्ष्य समाजको मानवजाति तथा प्रजातिबारे जान्नु हो ।

## पर्यावरण

वातावरण समाजको भौगोलिक संरचना तथा हावापानीसँग सम्बन्धित छ । सामाजिक प्राणीमा वातावरणको प्रभाव पर्दछ र त्यसको प्रभाव उसको चेतनामा परेको हुन्छ । जसले गर्दा मानवीय अस्तित्व र पर्यावरणका बिचमा नजिकको सम्बन्ध रहन्छ । टेनले साहित्य सिर्जनाको मूल कारण परिवेशलाई मान्दै साहित्यमा लेखकले आफू बाँचेको वातावरणलाई उतारेको हुन्छ भन्ने अभिव्यक्ति प्रस्तुत गर्दछन् । मानिस समाजमै जन्मन्छ, समाजमै हुर्कन्छ, बन्छ र यही समाजको सामाजिक संरचनालाई आत्मसात् गर्दछ । त्यसैले लेखक समाजको उपज भएकाले ऊ समाज निरपेक्ष बन्नै सक्दैन (२०७१, पृ. २५) । टेनले प्राकृतिक पर्यावरणलाई महत्त्व दिए पनि त्यसमा सामाजिक परिवेशलाई पनि समाविष्ट गर्न सक्छन् । उनका अनुसार "संसारमा मानिस एक्लै रहदैन, उसको चारैतिर प्रकृति हुन्छ, समाज हुन्छ । उसका आदिम प्रवृत्ति तथा प्रजातिगत विशेषताहरू भौतिक, सामाजिक परिस्थिति र घटनाहरूबाट प्रभावित हुन्छन्" (पाण्डेय, सन् २०१२, पृ. ६) । मानवीय बुद्धि निर्माणको महत्त्वपूर्ण पक्ष परिवेश हो । प्राकृतिक अवस्था तथा परिवेशका कारण मानवीय स्वभावमा पनि बदलाव आउने क्रमले निरन्तरता पाउँछ । टेनले प्राकृतिक परिवेशअन्तर्गत जलवायु भुगोललाई जोड्दै आर्थिक, राजनीतिक र सामाजिक परिवेशको साहित्यमा पर्ने प्रभावको पनि उल्लेख गरेका छन् । उनले सामाजिक परिवेश अन्तर्गत आर्थिक पक्षलाई साहित्यिक कृतिसँग जोड्ने प्रयास गरेका छन् ।

## विमर्श

समाजशास्त्री टेनको मान्यताअनुसार प्रस्तुत लेखले गुरुप्रसाद मैनालीको *सहिद* कथाका सन्दर्भहरूमा क्षण, जाति र पर्यावरणका पक्षहरूलाई विमर्शको केन्द्र बनाएको छ । यहाँ *सहिद* कथामा देखिएका क्षण, जाति र पर्यावरणका विषयहरूलाई नै लक्षित गरी विश्लेषण गरिएको छ ।

## *सहिद* कथाको आख्यान सन्दर्भ

*सहिद* कथाको आख्यान सन्दर्भ नेपाली समाजसँग सम्बन्धित रहेको छ । नेपालको २००७ सालको राणाकालीन अवस्थाको परिवेश कथामा चित्रित भएको छ । तत्कालिन सामन्ती शासनले नेपालमा बिगबिगी बनाएको हुँदा शोषण अन्याय र अत्याचारमाथि जनताहरू जुर्मुराएको विषय कथामा आएको छ । देशमा राजनीतिक अस्तव्यस्तता, असमानता, अशान्त परिस्थितिलाई यस कथाका माध्यमबाट देखाइएको छ । यस्तो विषम परिस्थितिमा विभिन्न जुलुस तथा गुटबन्दी भएको विषय कथाका माध्यमबाट देखाइएको छ । सामन्तहरूले निम्नस्तरका व्यक्तिहरूलाई गर्ने हेपाहा व्यवहार पनि प्रस्तुत कथामा मैले चाहेँ भने तलाई छोडाउन नि सक्छु भन्ने जस्ता सन्दर्भले व्यक्त गरेको छ । राणाशासन उच्चकुलीन शासनका प्रवृत्तिको विरोधमा शिक्षीत अशिक्षित जनताहरूले आवाज बुलन्द गराएका छन् । खासमा सामान्य गरिब परिवारका व्यक्तिहरूले पनि देशका लागि ज्यान दिन सक्छन् भन्ने कुरालाई कथाका माध्यमबाट प्रस्ट पारिएको छ । वीरबहादुरले वीरगति प्राप्त गरेको र उसलाई सम्मानस्वरूप राष्ट्रिय झन्डा ओडाइएको सन्दर्भ कथामा रहेको छ ।

## *सहिद* कथामा प्रयुक्त क्षणहरूको विश्लेषण

यहाँ *सहिद* कथालाई आधार बनाएर समाजशास्त्री टेनको क्षण, जाति र पर्यावरणको सिद्धान्तलाई साक्ष्यसहित स्पष्ट पार्ने काम गरिएको छ । *उनी त अस्ति नै गइसके* (मैनाली, २०७६, पृ. ७५) । प्रस्तुत वाक्यमा एक्कासी विगतको क्षणलाई जनाएको हुँदा घटना वर्तमान समयभन्दा पहिले नै घटिसकेको सङ्केत गरेको छ । घटनाको समाप्ति भूतमै भइसकेको र त्यसको प्रभाव वर्तमानमा रहेको क्षणलाई प्रस्तुत साक्ष्यमा स्पष्ट पारेको छ । *आगन्तुकले ठुलाठुला आँखा तुल्याएर टाउको हल्लाएर भन्यो - "वाह, एउटा चिठी लेखिदिने टाइम छैन ! साँच्चै आजकलका तपाईहरू पढेलेखेका मानिसले दयामाया भन्ने कुरालाई ठ्याम्मै बिर्सिदिनुभो बा ! यो त बडो दुखको कुरा हो* (पृ. ७६) ।"

यहाँ टेनको समाजशास्त्रीय सिद्धान्तको आधारमा हेर्दा साहित्य समाजको प्रतिविम्ब हो । आधुनिक समयको सामाजिक यथार्थ शिक्षित वर्गको व्यस्तता, संवेदनहीनता र मानवीय मूल्यको ह्रासलाई प्रस्तुत अनुच्छेदले जीवन्त रूपमा अभिव्यक्त गरेको छ । आगन्तुकले आँखा ठुला पार्नु, टाउको हल्लाउनु जस्ता हाउभाउले यस क्षणमा असन्तोष र पीडा व्यक्त भएको बुझिन्छ । यो

समयमा सामाजिक विसंगतिप्रति उत्पन्न प्रतिक्रिया भएको देखाउँछ । दिइएको अंशमा समकालीन क्षणको उपजमा मानिसहरू मानवीय सहानुभूतिभन्दा व्यक्तिगत व्यस्ततालाई प्राथमिकता दिन थालेको अवस्थालाई एकिन गरेको छ । यहाँ दयामाया भन्ने कुरालाई ठ्याम्मै बिर्सिदिनुभो, भन्ने आरोपले नैतिक सङ्कटको क्षणलाई देखाएको छ । जतिसुकै समाज शिक्षित भए पनि मानवीय मूल्य कमजोर हुँदै गएको यथार्थतालाई प्रस्तुत भनाइले स्पष्ट पारेको छ । समय विशेषमा समाजमा विद्यमान मानसिकता, चेतना र प्रवृत्ति साहित्यमा उल्लिखत वाक्यले पहिलेका मानिसहरूले गर्ने दयामाया र व्यवहारको युगीन चेततर्फ ध्यानकेन्द्रित गराएको छ ।

*ओहो ! आठ बजिसकेछ !* (पृ. ७९) । यहाँ प्रस्तुत कथाको पात्र वीरबहादुरले छोरो गुमाएको व्यक्तिगत शोकको बिचमै पनि ऊ घडी हेरेर आफ्नो कर्तव्यतर्फ फर्किन लागेको परिस्थितिलाई देखाइएको छ । यो क्षणले तत्कालीन समाजको यथार्थ झल्किएको छ । दुःखमा डुबेको मान्छेले पनि बाँच्ने र अरूलाई बचाउने कामबाट रोकिंदैन भन्ने कुरालाई देखाएको छ । आठ बजिसकेछ भन्ने वाक्यले निश्चित समयको महत्त्व, समयको कडाइ र जीवनको अनुशासन देखाउँछ । शोक मनाउने फुर्सदसमेत नभएको समयको दबाबपूर्ण क्षणको विशेषतालाई पनि यहाँ प्रस्तुत गर्न खोजेको छ । *मेरो राजालाई दैवले चुँडेर लग्यो । वीरबहादर झन् घोप्टो परेर डाको छोडेर रून लाग्यो । मैले पनि मन थाम्न सकिनँ । गहभरि आँशु भो ....बाँचिरहेको भए ठूलो मानिस हुने थियो* (पृ. ८२) । यहाँ वीरबहादुरको छोरो रामको मृत्युसम्बन्धी खबर आएको यो समय उसको जीवनको सर्वाधिक अँध्यारो क्षणलाई देखाइएको छ । वीरबहादुरले आफ्नो सन्तानप्रतिको मायाले डाको छोडेर रूदै गर्दाको अवस्थाले आफ्नो प्राणभन्दा प्यारो सन्तानको मृत्युको अवस्थामा एउटा पिताले आफूलाई संहाल्न नसकेको शोकको क्षणलाई देखाइएको छ जसको अवस्था देखेर मैले पनि मन थाम्न सकिनँ भनी भावुक भएको बाबुसमेत भावुक भएको समयको भावनात्मक अवस्था लक्षित छ । दुःखको क्षण यति तीव्र छ कि त्यसले वरपरका सबैलाई समेट्छ भन्ने कुरालाई स्पष्ट रूपमा देखाएको छ । वियोगान्तको क्षणमा भएको दर्दनाक अवस्थालाई यहाँ वीरबहादुरका माध्यमबाट झलक दिएको छ । प्रस्तुत अंशमा मेरो राजालाई दैवले चुँडेर लग्यो भन्ने विलापले वीरबहादुरको जीवनमा आइपरेको अत्यन्त पीडादायी क्षणलाई स्पष्ट गर्छ । यो क्षण केवल व्यक्तिगत शोकको समय मात्र होइन, राजनीतिक दमन, बलिदान र मानवीय क्षति सामान्य बन्दै गएको अवस्थाबाट *सहिद* कथाको समग्र ऐतिहासिक क्षणसँग पनि जोडिएको कुरालाई देखाइएको छ । त्यसैगरी छोरोको भविष्यप्रतिको कल्पना गरेर "बाँचिरहेको भए ठुलो मानिस हुने थियो" भन्ने भनाइले वर्तमान क्षणको पीडाबाट जन्मिएको पछुतो र अधुरोपनको अनुभूति व्यक्त भएको छ । क्षणले भविष्यका सम्भावनाहरूलाई एकैपटक चुँडिदिएको छ । *सहिद* कथाको यो प्रसङ्गमा समय विशेषको करूण, संकटग्रस्त र शोकपूर्ण क्षणले वीरबहादुरको भावनात्मक विस्फोट, निराशा र नियतवादी सोचलाई जन्म दिएको छ । यसरी प्रस्तुत अंशले व्यक्तिगत शोकलाई समग्र ऐतिहासिक दुःखसँग गाँसेर क्षणको प्रभाव साहित्यमा कति गहिरो हुन्छ भन्ने कुरा सशक्त

रूपमा प्रमाणित गर्छ । *मेरो पनि भदौमा जहान परलोक भैछन्* (पृ.८४) । वीरबहादुरले बाबुलाई आफ्नो छोरा राम परलोक भएको कुरा सुनाएर रोएको समयमा बाबुले मेरो नि भदौमा जहान परलोक भैछन् मेरो नि झन् दुखद अवस्था छ भनी उसलाई सान्त्वना दिने क्रममा प्रस्तुत वाक्यलाई लिइएको छ । जसले मन संहाल्न सिक्नुपर्छ भन्ने क्षणलाई बुझाएको छ । भदौमा भन्ने समयसूचक शब्दले दुःखलाई निश्चित समयमा बाँधेर देखाएको छ । यसले पात्रको जीवनमा दुःखहरू निरन्तर आइरहेका छन् भन्ने अनुभूति गराउँछ । एकातिर देश राजनीतिक उथलपुथल र दमनको क्षणबाट गुज्रिरहेको छ भने अर्कोतिर सामान्य जनताको निजी जीवनमा पनि मृत्युकै छाया छाएको छ । यसले तत्कालीन समयलाई सामूहिक पीडाको युगका रूपमा चित्रित गरेको छ । परलोक भैछन् भन्ने अभिव्यक्तिले मृत्युको यथार्थलाई सहज नियतिस्वरूप स्वीकार्ने मानसिकता देखाउँछ, यस्तो स्वीकारोक्ति पनि क्षणकै प्रभाव मानिएको छ ।

*सहिद* कथामा राणाकालमा उच्च कुलीन शासनप्रति जनताहरू अन्याय अत्याचारीविरूद्ध जुर्मुराएको विषयवस्तु यस कथाको मूल अभिव्यक्ति रहेको छ । यस कथामा लेखकले आफूले बाँचेको र भोगेको २००७ सालको क्रान्तिको सन्दर्भ, नेपालमा राणाशासनको अन्त्यका लागि गुटबन्दी भएको, काङ्ग्रेसले जुलुस गरेको, विराटनगरमा जुलुस भएको कमिटी गठन भएको, युद्धमा गएको वीरबहादुरले वीरगति प्राप्त गरेको र ससम्मानस्वरूप राष्ट्रिय झन्डा ओड्याइएको क्षणहरू देखाइएको छ । निरंकुश शासन, नागरिक अधिकारको अभाव र राजनीतिक अन्यायले समाजलाई विद्रोहतर्फ धकेलेको अवस्था सँगसँगै यही समयगत परिस्थितिले कथाको मूल विषय सहिदको जन्म र बलिदानको महत्वलाई सम्भव बनाएका क्षणहरू कथामा इङ्गित गरिएको छ । राजनीतिक दमन, क्रान्तिकारी चेतना र स्वतन्त्रताका लागि बलिदान आवश्यक ठानिएको ऐतिहासिक क्षणहरू प्रस्तुत कथामा चित्रित छन् ।

## *सहिद* कथामा प्रयुक्त प्रजातिहरूको विश्लेषण

सहिद कथामा जातिमा मानव जातिलाई लिइएको छ । आर्य प्रजातिअन्तर्गत आएको क्षेत्री, मुसलमान र मङ्गोल प्रजातिअन्तर्गत मगर जातलाई कथामा राखिएको छ । टेनले प्रजातिगत धारणालाई महत्त्व दिएर साहित्यमा समाजका प्रजातिहरूको पदचिह्नहरूको छाप पर्छ भनेझैं प्रस्तुत कथामा पनि वीरबहादुर देखाएको वीरता देशभक्तिको एक समाजका लागि विशेष छाप छाडेको छ । नेपाली समाजमा गरीब दुखीहरूले पनि देशको लागि योगदान गर्न सक्ने भएको हुँदा वीरता, देशभक्ति र सहयोग गर्ने जातिका आधारमा कथामा प्रस्तुत गरिएको छ ।

*"त्यो साहिँली भन्ने कहाँकी मानिस रहिछ वीरबहादुर ?" "*कोनि, राँड पोखरातिरकी क्षेत्रिनी *हुँ भन्छे । मान्छेहरू दमै टिपेर आएकी भन्दछन् । यहाँ आउँदा एउटा नौजवान मगर लिएर आएकी थिई* (पृ. ७९) । टेनका अनुसार जाति भनेको केवल जैविक नस्ल मात्र होइन, समाजमा पुस्तौंदेखि

विकसित भएको सामाजिक चरित्र, संस्कार, मानसिकता र व्यवहारको समष्टि हो । व्यक्तिको सोच, व्यवहार र मूल्यबोध उसले जन्मेको जातीय सामाजिक परिवेशबाट निर्देशित हुन्छ । यहाँ भन्छे शब्द प्रयोग हुनु आफैमा शङ्काको सूचक हो । यसले समाजमा जाति जन्मसिद्ध प्रमाण होइन स्वीकृतिको विषय बनेको देखाउँछ । निम्न जातिका मानिसले आफूलाई उच्च जातिको बताउँदा समाजले सहजै पत्याउँदैन । टेनको जाति सिद्धान्तअनुसार यहाँ उच्च जातिको वर्चस्व मानसिकता प्रकट भएको छ । दमै टिपेर आएकी भन्ने अंशमा दमै तल्लो जाति र टिपेर आएकीले अपमानजन अमानवीय दृष्टिकोण भन्ने कुरा बुझाउँछ । समाजले साहिलीलाई व्यक्तिका रूपमा होइन, जातीय कलङ्कका रूपमा हेरेको छ । उसको चरित्रभन्दा पनि उसको सम्भावित जातीय पृष्ठभूमि निर्णायक बनेको छ । यहाँ जातीय संस्कारले निर्माण गरेको सामूहिक मानसिकतालाई पुष्टि गर्छ, जसले व्यक्तिलाई स्वतन्त्र पहिचान दिदैन । यहाँ समाजले साहिलीलाई सीमान्त जातिसँग सम्बन्ध राख्ने पात्रका रूपमा दोहोरो दण्ड दिएको छ । टेनको जाति सिद्धान्तअनुसार माथिको अनुच्छेदमा समाजले व्यक्तिको विचार, कर्म वा मानवीय मूल्य हेर्दैन, उसलाई जातीय साँघुरो घेराभित्र बाँधेर मूल्याङ्कन गर्छ र साँहिली सामाजिक रूपमा पहिले नै दोषी ठहरिएको पात्र हो भनेर स्पष्ट देखाइएको छ । साँहिलीको पहिचान उसकै कर्मले होइन समाजले थोपारिदिएको जातीय मानसिकताले निर्धारण गरेको देखिन्छ । यसले नेपाली समाजको जातीय विभेद, नारीप्रतिको अन्याय र सामाजिक पूर्वाग्रहलाई यथार्थवादी रूपबाट प्रस्ट पारेको छ ।

> *त्यो बिरामी कहाँको मानिस हो वीरबहादुर ? "रामेछापको गुरूङ हो । त्यहाँ परको बङ्गालीकहाँ भाँडा माझ्थ्यो ।" "के मरेको जति सबैलाई घाटमा पुऱ्याउँछन् ?" बेवारिसे मूर्दालाई कसले पुऱ्याउँथ्यो बाबु ! डुम-मेहतरले कुकुर बिरालो फालेझैँ घिच्याएर फालिदिन्छन् । ....नेपालीहरूलाई भन्न गयो भने यो जात र ऊ जात भन्न थाल्छन् ।*
> (पृ. ८१)

टेनको सिद्धान्तमा समाजको सामूहिक मानसिकता, सोच, संस्कार र मूल्यमान्यतालाई पनि जातिका आधारमा व्याख्या गर्न सकिन्छ । प्रस्तुत अंशमा तत्कालीन नेपाली समाजको जातीय सोच, विभेद र सामूहिक संवेदनहीनता स्पष्ट रूपमा प्रकट भएको छ । नेपालीहरूलाई भन्न गयो भने यो जात र ऊ जात भन्न थाल्छन् भन्ने वाक्यले समाजमा गहिरो रूपमा जरा गाडेको छुवाछुत र जातीय विभाजनको मानसिकतालाई उजागर गर्छ । मरेको मानिसलाई घाटसम्म पुऱ्याउने जस्तो मानवीय र धार्मिक कार्यसमेत जातका आधारमा स्वीकार वा अस्वीकार गरिनु समाजको अमानवीय जातीय चरित्रको द्योतक हो । त्यसैगरी डुम मेहतर जस्ता शब्द प्रयोगले मृत्युपछिको कर्मलाई तल्लो जातसँग मात्र जोड्ने सोच देखाउँछ । यसले समाजमा श्रम र मानवीय सेवाको कामलाई जातसँग बाँध्ने प्रवृत्ति प्रकट गर्छ । बेवारिसे मूर्दालाई कुकुर बिरालो फालेझैँ फालिनु जातीय अहङ्कार र

सामाजिक निर्दयताको परिणाम हो तर यसै जातीय विभाजनको बिचमा अर्को पात्रको भनाइअनुसार आफ्ना देशका मानिस हुन् अर्थोक नभए पनि धर्म त होला भन्ने कुराले नेपाली जातिको अर्को पक्ष पनि देखाउँछ । जातीय भेदभावले ग्रसित भए पनि मानवीय करूणा, धर्मबोध र राष्ट्रिय अपनत्व अझै कायमै रहेको कुरालाई यसले सङ्केत गरेको छ । यहाँ समाजको सामूहिक सोचभन्दा माथि उठेर मानवतालाई प्राथमिकता दिन खोजिरहेको देखिन्छ । प्रस्तुत अंशका आधारमा जाति नेपाली समाजको द्वैध चरित्रका रूपमा प्रस्तुत भएको छ । एकातिर जातीय विभेद, संवेदनहीनता, अमानवीय सोच र अर्कोतिर करूणा, धर्मभाव र आफ्नै देशका मानिसप्रतिको उत्तरदायित्व रहेको छ । यसरी *सहिद* कथाको प्रस्तुत अंशले तत्कालीन नेपाली समाजको जातीय मानसिकताको यथार्थ चित्र व्यक्त गर्दै समाज सुधारको मौन आग्रह पनि गरेको छ ।

*आमाको पुकार भन्दा स्वास्नी छोराछोरीको पुकार ठुलो कुरा होइन* (पृ. ८४) । यहाँ नेपाली जातीय संस्कारमा राष्ट्रप्रेमलाई मातृत्वसँग जोडेर बुझ्ने सोच गहन रूपमा प्रस्तुत भएको छ । नेपाल आमाको पुकार भनेको देशको स्वतन्त्रता, अस्मिता र अस्तित्व जोगाउने आह्वान हो । यस्तो पुकारलाई स्वास्नी छोराछोरीजस्ता निजी सम्बन्धका भावनाभन्दा ठुलो मान्नु नेपाली जातिको बलिदानी र राष्ट्रकेन्द्रित चरित्रको परिचायक हो । यस भनाइले नेपाली जातिको सामूहिक मानसिकतामा व्यक्तिगत स्वार्थभन्दा राष्ट्रिय कर्तव्य उच्च ठानिने मूल्यलाई देखाउँछ । सहिदका लागि परिवारप्रतिको माया स्वभाविक भए पनि जातीय चेतनाले उसलाई राष्ट्रको पुकारप्रति समर्पित बनाएको छ । यसरी नेपाली जातिको स्वभाव देशका लागि व्यक्तिगत सुख दुःख त्याग गर्न सक्ने अवस्थालाई स्पष्ट रूपमा अभिव्यक्त गरिएको छ । त्यस्तै जंजिरले बाँधिएकी नेपाल आमा सन्तानसामु हात पसारेको अवस्थामा हामीले गौरव गरेर आफ्नो ज्यान बलिदान दिन पनि पछि पर्नुहुन्न भन्ने उद्देश्यले राष्ट्रप्रतिको प्रेमलाई काधमा राख्ने नेपाली जातिको कुरालाई लिइएको छ ।

टेनको अर्थमा जाति भनेको जैविक मात्र नभई सामूहिक राष्ट्रिय चरित्र तथा सामाजिक चरित्र पनि हो । प्रस्तुत कथामा नेपाली समाजको स्वतन्त्रताप्रेमी, सहनशील तर अन्यायविरूद्ध उभिन सक्ने स्वभाव प्रकट भएको छ । सहिदपात्र केवल व्यक्तिगत होइन, सम्पूर्ण नेपाली जनताको प्रतिनिधि बनेको छ । उसमा देखिने देशप्रेम, त्याग र आत्मबलिदानको भावना नेपाली जातिको सामूहिक चेतनाको प्रतिफल हो, जसले कथालाई राष्ट्रिय भावनासँग गहिरो रूपमा जोडेको छ ।

### *सहिद* कथामा प्रयुक्त पर्यावरणको विश्लेषण

लेखक वा साहित्यकार बाँचेको समयका चालचलन, रहनसहन, रीतिरिवाज, संस्कार, वेशभूषा, आचरण, बसोबास, भौगोलिकता जस्ता परिवेशहरू उसका कृतिमा कुनै न कुनै रूपमा आएकै हुन्छन् । तिनको अध्ययन प्रस्तुत कथाका सन्दर्भहरूलाई साक्ष्यका रूपमा लिएर गरिएको छ–

> *आफ्ना प्यारा प्रजालाई आजाद गराउनका निमित्त हाम्रा वीर सम्राट् त्रिभुवन वीरविक्रम शाहदेव २००७ साल कार्तिक २१ गते आफ्ना सारा परिवार लिई शरणार्थीका रूपमा नेपालको हिन्द दूतावासमा प्रवेश गर्नुभयो र कार्तिक २६ गते हिन्द सरकारका संरक्षणमा विमानद्वारा दिल्लीतर्फ प्रस्थान गर्नुभो* (पृ ८३) ।

यस अनुच्छेदमा देखिने पर्यावरण मुख्यतः राजनीतिक र सामाजिक प्रकृतिको छ, जसले घटनाको दिशानिर्धारण गरेको छ । नेपालमा भित्रभित्रै सल्किरहेको क्रान्तिको आगो एकै पटक दन्कियो भन्ने वाक्यले निरंकुश राणा शासनविरूद्धको विद्रोही वातावरणलाई बुझाउँछ । शासनप्रणालीप्रति जनआक्रोश चुलिँदै गएको राजनीतिक परिवेशले सम्राट त्रिभुवनलाई समेत असुरक्षित बनाएको देखिन्छ । यस्तो राजनीतिक परिवेशले राजा स्वयंलाई शरणार्थीको भूमिकामा पुऱ्याउनु तत्कालीन सत्ता संरचनाको कमजोरी र संकटको सूचक हो । आफ्ना प्यारा प्रजालाई आजाद गराउनका निम्ति भन्ने अभिव्यक्तिले राजा र प्रजाबीचको भावनात्मक सम्बन्ध झल्काउँछ । यहाँ जनतामा जागृत राष्ट्रिय भावना सामाजिक वातावरणको प्रमुख पक्ष बनेको छ । सामाजिक दबाबका कारण राजाले परिवारसहित जोखिमपूर्ण निर्णय लिनुपरेको देखिन्छ । भारत (तत्कालीन हिन्द-दूतावास, दिल्ली) सँगको राजनीतिक र कूटनीतिक निकटताले घटनाको मार्ग तय गरेको छ । नेपालमा असुरक्षित बनेको वातावरणले राजालाई छिमेकी देशको संरक्षण खोज्न बाध्य बनाएको छ । यसले तत्कालीन क्षेत्रीय शक्ति सन्तुलन र अन्तर्राष्ट्रिय वातावरणको पनि उजागर गर्छ ।

> *बिहानैदेखि आकाश बादलले ढाकिरहेको थियो । टाइम -टाइममा चिसो बतास चल्थ्यो । पुसको चिसोले तरूण रूप धारण गरेको थियो । म कपडा लगाएर अस्पताल जान तयार भइरहेको थिएँ । त्यस्तैमा पर क्षितिजमा ठूलो कोलाहल गर्दै मानिसहरू आउन लागेको देखेँ । अघि अघि मुक्ति सेनाका हतियारबन्द सिपाहीहरू थिए* (पृ. ८६) ।

यस अनुच्छेदमा भौतिक, सामाजिक र राजनीतिक तीनै किसिमको पर्यावरण अत्यन्त सशक्त रूपमा उपस्थित छ । बिहानदेखि आकाश बादलले ढाकिराखेको थियो, चिसो बतास, पुसको जाडो जस्ता वाक्यांशहरूले कठोर मौसम, चिसो र असहज प्राकृतिक वातावरण देखाउँछन् । यस्तो मौसमले पात्रको मानसिक अवस्थामा पनि चिसोपन, अस्थिरता र भय सिर्जना गरेको देखिन्छ । टेनका अनुसार प्राकृतिक वातावरणले मानव चेतना र व्यवहारलाई प्रत्यक्ष प्रभाव पार्छ, जुन यहाँ स्पष्ट छ । मुक्ति सेनाका हतियाबन्द सिपाहीहरू र ठूलो कोलाहल गर्दै मानिसहरू भन्ने वर्णनले अशान्त, द्वन्द्वग्रस्त सामाजिक वातावरण देखाउँछ । समाज युद्ध, विद्रोह वा क्रान्तिको अवस्थामा रहेको संकेत मिल्छ । यस्तो वातावरणमा आम नागरिकको जीवन असुरक्षित र भयावह हुन्छ, जसको प्रत्यक्ष प्रभाव पात्रको व्यवहारमा देखिन्छ । यहाँ अस्पताल जान तयार भइरहेको पात्र वरिपरिको अशान्त वातावरणले थप तनावमा देखिन्छ । बाह्य वातावरण (जाडो, बादल, हतियारधारी) ले पात्रको आन्तरिक मानसिक

अवस्था निर्माण गरेको छ । यहाँ सामाजिक वातावरण भय, तनाव र अनिश्चितताले भरिएको छ । यस्तो परिवेशमा मानिसको जीवन सामान्य रहन सक्दैन । यहाँ कठोर प्राकृतिक अवस्था, अशान्त सामाजिक राजनीतिक परिवेश र त्यसबाट उत्पन्न मानसिक दबाबले कथाको भाव र कथाको पात्रको अवस्था निर्धारण गरेको छ । यसले प्रमाणित गर्छ कि साहित्य केवल व्यक्तिको कल्पना मात्र होइन, आफू जन्मिएको वातावरणको प्रतिफल हो । यसरी पर्यावरणले पात्रको सोच, व्यवहार र अनुभूतिलाई प्रत्यक्ष रूपमा नै निर्देशित गरेको हुन्छ, जुन टेनको सिद्धान्तअनुसार अत्यन्त महत्वपूर्ण पक्ष हो ।

*चाहेँ भने सालेलाई भोलि छोडाउन सक्छु तर यसपालि चेतोस् .... सारा दरोगा-पुलिसहरू वीरबहादुरका हातमा छन् । सब सालेलाई त मै लादी लादी हिँड्छु* (पृ. ८०) । यस प्रसङ्गमा देखिने पर्यावरण दमनकारी, भ्रष्ट र शक्ति-केन्द्रित सामाजिक प्रशासनिक वातावरण हो । पुलिसहरू वीरबहादुरका हातमा छन् भन्ने वाक्यले कानुनभन्दा शक्ति र पहुँच बलियो भएको वातावरण देखाउँछ । समाजमा शक्ति भएका मानिसले कमजोरलाई नियन्त्रण गर्ने संस्कार विकसित भएको देखिन्छ । सब सालेलाई त मै लादी लादी हिँड्छु भन्ने अभिव्यक्तिले दम्भ, अहंकार र प्रभुत्वशाली सामाजिक चरित्र उजागर गर्छ । कमजोर व्यक्ति सहयोग माग्न बाध्य छ, किनकि समाजमा न्यायप्रणालीमाथि विश्वास छैन । यसपालि चेतोस् भन्ने वाक्यले कानुनी चेतना होइन, डर र त्रासमार्फत् मानिसलाई नियन्त्रण गर्ने प्रवृत्ति देखाउँछ । सुधारको साधन कानुन नभई दण्ड र भय बनेको छ । यहाँ चाहे भने सालेलाई भोलि छोडाउन सक्छु तर यसपालि चेतोस् भन्ने पंक्तिले टेनको समाजशास्त्रीय सिद्धान्तअनुसार भ्रष्ट र असमान पर्यावरणको प्रत्यक्ष उपज हो । यस्तो वातावरणमा कानुनभन्दा व्यक्ति शक्तिशाली हुन्छ, सुधारभन्दा डर प्रभावकारी मानिन्छ र न्याय व्यक्तिगत इच्छा र पहुँचमा निर्भर हुन्छ । यसरी तत्कालीन सामाजिक-प्रशासनिक पर्यावरणको नग्न यथार्थलाई तीक्ष्ण रूपमा उजागर गरेको छ ।

प्रस्तुत कथाको पर्यावरण अत्यन्त दमनकारी, भयग्रस्त र राजनीतिक रूपमा अस्थिर छ । राज्यशक्तिको क्रुरता, प्रहरी-प्रशासनको अत्याचार, यातना र जनतामा व्याप्त त्रासले कथाको वातावरण निर्माण गरेको छ । यही सामाजिक-राजनीतिक पर्यावरणले सहिद बन्ने प्रक्रिया जन्माएको हो । त्यसैले पात्रको बलिदान उसको व्यक्तिगत चाहनाभन्दा पनि उसलाई घेरेको अमानवीय वातावरणको अनिवार्य परिणाम हो । हातमा शक्ति भएको वर्गले नेपाली समाजमा सोझासाझामाथि गरेको व्यक्तिगत निर्णयले राजनीतिक शक्ति र सत्ताको आडमा मान्छेले मनपरि गरेको परिवेशलाई स्पष्ट चिनाएको छ । कथामा राजनीतिक, सामाजिक, भौगोलिक जस्ता परिवेशहरू पनि व्याप्त रहेका छन् ।

## निष्कर्ष

टेनको समाजशास्त्रीय सिद्धान्तअनुसार *सहिद* कथा क्षण, जाति र पर्यावरणको संयुक्त उपज हो । कथामा एउटा सामान्य गरिब व्यक्तिले पनि देशका लागि आफ्नो ज्यान दिन पछि नपरेको

विषयलाई देखाइएको छ । देशभक्तिका लागि धनको आवश्यक नपर्ने कुरा वीरबहादुर आफू गरिब भएपनि नेपालीप्रति देखाएको उसको व्यवहारबाट स्पष्ट हुन्छ । देशभक्ति, जातीय प्रेम, सहयोगी भावना, मानवतावादी विचार तथा इमान्दारी देखाउनु नै यस कथाको आशय हो । ऐतिहासिक क्रान्तिकारी क्षण, नेपाली जातिको सामूहिक राष्ट्रिय चरित्र र दमनकारी राजनीतिक-सामाजिक पर्यावरणले मिलेर सहिदको चरित्र र कथाको मूल भाव निर्माण गरेका छन् । यसकारण *सहिद* कथा केवल व्यक्तिगत बलिदानको कथा मात्र नभई, समय समाज र वातावरणको जीवित प्रमाण बनेको छ ।

## सन्दर्भ सूची

उपाध्याय, केशवप्रसाद (२०५५), *साहित्य र समाज*, काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चौहान, ईश्वर (२०७४), हृदयचन्द्र सिंहका उपन्यासमा क्षण, *द एडुकेटर जर्नल*, गोरखा : गोरखा क्याम्पस गोरखा, ५(१), पृ. ८६-८७ ।

टेन, हिप्पोलाइट (सन् १९०६), हिस्ट्री अफ इङ्लिस लिट्रेचर, (तेस्रो संस्क.), च्याटो एन्ड विन्डोज ।

ढकाल, रजनी (२०७७), *समकालीन नेपाली कथामा वैचारिकता*, कमलादी : नेपाल प्रज्ञा-प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (सन् २०१२), *बसाइँ उपन्यासमा अनुभूतिको संरचना*, नेपाल एकेडेमी जर्नल ।

पाण्डेय, मैनेजर (इ.१९८९), *साहित्य के समाजशास्त्र की भूमिका*, चन्डीगड : हरियाणा साहित्य एकेडेमी ।

पोखेल, गोकुल (२०७१), *विशेष प्रायोगिक नेपाली समालोचना*, सिरहा, असनपुर-६ गोलबजार ।

बराल, कृष्णहरि (२०६०), नेपाली साहित्यको समाजशास्त्रीय अध्ययन, काठमाडौँ : साझा प्रकाशन ।

मैनाली, गुरूप्रसाद (२०७६), *नासो* कथासङ्ग्रह, ललितपुर : साझा प्रकाशन ।